प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७८/०७९ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ Cut off बाट भर्ना गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

(सूचना प्रकाशित मिति २०७८।०७।११)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७८/०७९ मा भर्नाका लागि परिषद्को पोलिटेक्निक महाशाखाबाट भर्ना प्रकृयाको अन्तिम मिति भन्दा पछि प्राप्त पत्रानुसार परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका साझेदार रुपमा संचालित देहायका शिक्षण संस्थाहरुले परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(चौथो संशोधन २०७८)" बमोजिम पूर्ण शुल्कीय तर्फ परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०७८।०४।३० गते प्रकाशित सूचना अनुसार नेपालभरी समान तहको जुनसुकै कार्यक्रमको भर्ना प्रकृयामा सामेल भई Cut off/Pass List मा रहेका इच्छुक परीक्षार्थीहरुलाई तल उल्लेखित शिक्षण संस्थाहरुमा पुर्ण शुल्कीय तर्फ मिति २०७८।०७।१७ गते भित्र निवेदन दिन र योग्यता पुगेका परीक्षार्थीहरुलाई भर्ना गर्न गराउन हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**डिप्लोमा तहमा पुर्ण शुल्कीय तथा बर्गीकृत (निःशुल्क) छात्रबृत्तिको थप शिक्षण संस्था, कार्यक्रम तथा कोटाहरु :**

**प्रदेश नं २ अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहको साझेदारी शिक्षण संस्था :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गिकृत (निःशुल्क) छात्रबृत्ति कोटा |
|---|---|---|---|---|
| १. | श्री हनुमाननगर पोलिटेक्निक इन्स्टिच्यूट, हनुमाननगर न.पा, सप्तरी | डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी<br>डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग | ४८<br>४८ | ४<br>४ |

**बागमती प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहको साझेदारी शिक्षण संस्था :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गिकृत (निःशुल्क) छात्रबृत्ति कोटा |
|---|---|---|---|---|
| १. | श्री नर बहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालय, नरेफांट | डिप्लोमा इन फार्मेसी | ४० | ३ |

**सुदुर पश्चिम प्रदेश अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहको साझेदारी शिक्षण संस्था :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | बर्गिकृत (निःशुल्क) छात्रबृत्ति कोटा |
|---|---|---|---|---|
| १. | श्री महाकाली बहु-प्राविधिक शिक्षालय, भिमदत्त न.पा, महेन्द्रनगर, कञ्चनपुर | डिप्लोमा इन फार्मेसी<br>प्रमाणपत्र तह मेडिकल ल्याव टेक्नोलोजी | ४०<br>३० | ३<br>२ |

**नोट :**

- बिद्यार्थी भर्ना प्रकृयाका लागि मिति २०७८।०४।३० गते www.ctevtexam.org.np मा प्रकाशित भएको सूचनाका सम्पुर्ण शर्तहरु लागु हुनेछन् ।
- डिप्लोमा तथा प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको कोटामा माथि उल्लेखित शिक्षण संस्थाहरुमा रिक्त भएको कोटाहरुमा परीक्षा नियन्त्रण कार्यालयले मिति २०७८।०४।३० गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको भर्ना छनौट प्रकृयामा सामेल भई बैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट परिषद्को सम्वन्धित प्रदेश कार्यालयले योग्यताक्रमानुसार मुख्य परीक्षार्थीको रुपमा छनौट गरी भर्नाका लागि सिफारिश गरी पुर्ति गर्नेछ ।
- शिक्षण संस्थाहरुले डिप्लोमा तथा प्रमाणपत्र तहमा मिति २०७८।०४।३० गते प्रकाशित सूचना अनुसार पुर्ण शुल्कीय तर्फको भर्ना छनौट प्रकृयाको पुर्ण शुल्कीय लक्षित बर्ग, प्रि-डिप्लोमा कोटा र पुर्ण शुल्कीय खुला कोटामा आरक्षित कोटा अनुसार ITMS Online Entry भई सोही कोटाको उत्तीर्ण सूची (Alternative/Cut off/Pass list) मा रहेका परीक्षार्थीबाट निवेदन दिए अनुसार योग्यताक्रमानुसार हुने गरी छनौट गरी भर्नाका लागि सिफारिश गर्नुपर्नेछ । निवेदन दिने परीक्षार्थीले आरक्षित कोटामा निवेदन दिंदा आफ्नो बर्ग स्पष्ट खुलाई निवेदन दिनु पर्नेछ । परीक्षार्थीले निवेदनका साथ भर्ना अनुमति पत्रको प्रतिलिपी, परिषद्को वेभसाइटबाट प्रिन्ट गरिएको नतिजा विवरण संलग्न गर्नुपर्नेछ ।
- अध्यापन हुने शिक्षण संस्थाहरुमा भर्ना हुने परीक्षार्थीहरु मध्ये कार्यक्रम अनुसार पुर्ण शुल्कीय तर्फ भर्ना हुने उच्चतम प्राप्तांक प्राप्त गर्ने परीक्षार्थी १ जनाले जेहेन्दार छात्रवृत्ति प्राप्त गर्नेछ ।
- पुर्ण शुल्कीय कोटाहरुमा पुर्ण शुल्कीय तर्फको बैकल्पिक परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा मात्र बर्गीकृत (निःशुल्क) छात्रवृत्तिको बैकल्पिक परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।
- सम्वन्धित शिक्षण संस्थाहरुले Alternative/Cut off/Pass list बाट आवेदन फाराम संकलन गर्दा आवेदकबाट कुनै शुल्क लिन पाइने छैन ।
- सम्वन्धित शिक्षण संस्थाहरुले Alternative/Cut off/Pass list बाट आवेदन फाराम संकलन गरेका आवेदकहरुको योग्यताक्रम अनुसारको नतिजा तयार गरी गोप्य रुपमा सम्वन्धित परिषद्को प्रदेश कार्यालयमा पठाउनु पर्नेछ । प्रदेश कार्यालयले प्राप्त नतिजा रुजु गरी प्रकाशन गरेपछि मात्र परीक्षार्थी भर्ना गर्न पाइनेछ ।
- शिक्षण संस्थाले सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा नतिजा तयार गरी पठाउंदा निर्देशिकामा तोकिए बमोजिमको सूचना प्रकाशन शुल्क बापतको रकम बैंक दाखिला गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**